## प्रश्न नं. ४९

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५८५६ देखि ५९७७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मान कुमारी राईकौ जाहेरीले नेपाल सरकार

बिरुद्ध

धनकुटा जिल्लाको आखी सल्ला गाँउ पालिका ५ बस्ने श्याम कुमार राई

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५।८।१ गतेका दिन जग्गाको साध सिमाको रिसइवीको कारण मेरो ११ वर्षको छोरा धन कुमार राईलाई धनकुटा जिल्लाको आखी सल्ला गाँउ पालिका ५ बस्ने श्याम कुमार राईले पानी लिन जादा खुकुरीले काटन थालेपछि सरिता राई त्यहाँबाट भागी खबर गरेपछि म घटनास्थल पुग्दा धारिलो हतियारले काटी खाडलमा छाडी भागिसकेको र उपचारका क्रममा धनकुटा अस्पतालमा ल्याउदा ल्याउदै मृत्यु भएको हुँदा श्याम कुमार राईलाई कर्तव्य ज्यान कसुरमा सजाय गरी पाउँ भन्ने समेत व्यहोरामा मान कुमारी राईले जिल्ला प्रहरी कार्यालय धनकुटामा दिएको जाहेरी दरखास्त ।
- दाहिने कान तथा दाहिने गाला समेतमा धारिलो हतियारले काटेको भन्ने समेतको लास जाँच मुचुल्का
- खुकुरी थान १ बरामद भएको बरामदी मुचुल्का
- धनकुमार राईलाई पानी लिएर आएको हो भनी सोध्दा जे सुकै ल्याउ रण्डीका वाहान तलाई के खाँचो भनी मलाई गाली गरेको हुदाँ रिस उठी साथमा रहेको खुकुरी निकाली ४ पटक हाने पछि मरेको हो भन्ने समेत व्यहोराको श्याम कुमार राईले अनुसन्धानमा दिएको बयान
- टाउको र अनुहारमा अत्याधिक रक्तश्राव भएको कारण मुत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट ।
- धनकुमार राईलाई श्याम कुमार राईले खुकुरी हानी मारेको हो भन्ने कैलाश राई ,सुनमाया राई, भिम बहादुर राई समेृतले गरेको मौकाको कागज ।

**प्रश्न नं. ४९**

- धन कुमार राईलाई ०७५।८।१ गतेका दिन श्याम कुमार राईले खुकुरी हानी मारेको हुँदा मुलुकी फौजदारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र
- प्रतिवादीको अदालतमा अचानक रिस उठी मारेको हुँदा  घटना भवितव्य हो भन्ने समेत व्यहोरामा गरेको बयान
- धनकुटा जिल्ला अदालतमा भएको फैसला
- उच्च अदालत धनकुटामा दायर भएको पुनरावेदन पत्र ।